# सञ्चारमाध्यमहरुलाई अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७८

## आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय

लुम्बिनी प्रदेश, मुकामः बुटवल ।

## सञ्चारमाध्यमहरुलाई अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७८

मन्त्रालयबाट संचार माध्यमलाई दिइने अनुदान वितरण सम्बन्धी कार्यक्रम सुव्यवस्थित, प्रतिस्पर्धी, पारदर्शी, नियमित र परिणाममुखी बनाउने उद्देश्यले अनुदान व्यवस्थापन एकीकृत मार्गदर्शन, २०७६ को प्रतिकूल नहुने गरी आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयले यो कार्यविधी बनाएको छ ।

**१. <u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम "सञ्चारमाध्यमहरुलाई अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७८" रहेको छ ।

(२) यो कार्यविधि मन्त्रालयबाट स्वीकृत भएको मिति देखि लागू हुनेछ ।

**२. <u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यो कार्यविधीमा-

(क) "मन्त्रालय" भन्नाले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय सम्झनु पर्दछ ।

(ख) "सचिव" भन्नाले आन्तरिक मामिला तथा सञ्चार मन्त्रालयको सचिवलाई सम्झनु पर्दछ ।

(ग) "निर्देशक समिति" भन्नाले दफा ३ बमोजिमको समिति सम्झनु पर्दछ ।

(घ) "संचालन समिति" भन्नाले दफा १० बमोजिमको कार्यक्रम संचालन समितिलाई सम्झनु पर्दछ।

(ङ) “मुल्याङ्कन समिति” भन्नाले दफा ६ बमोजिमको प्रस्ताव मुल्याङ्कन समितिलाई सम्झनु पर्दछ ।

(च) "संचारमाध्यम" भन्नाले प्रचलित कानून बमोजिम दर्ता एवं नवीकरण भई प्रदेशमा सूचीकृत तथा आवद्ध सरकारी, सामुदायिक तथा निजी क्षेत्रबाट प्रदेशमा संचालित विद्युतीय तथा छापामाध्यमहरु (टेलिभिजन, रेडियो, छापा, अनलाईन), पत्रकारिता तथा आमसञ्चार क्षेत्रसँग सम्बन्धित कार्य गर्न गठित प्रदेश भित्रका संस्था, क्लब तथा समुहलाई सम्झनु पर्दछ ।

(छ) "पत्रकार" भन्नाले प्रेस पास प्राप्त गरेका सञ्चार माध्यममा कार्यरत वा स्वतन्त्ररुपमा पत्रकारिता क्षेत्रमा कार्यरत पत्रकार सम्झनु पर्दछ ।

(ज) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेश लाई सम्झनु पर्दछ ।

(झ) "सहकार्य अनुदान" भन्नाले संस्थाको समेत लगानी हुने गरी मन्त्रालयले उपलब्ध गराउने अनुदान सम्झनुपर्छ ।

(ञ) "उत्पादन" भन्नाले मन्त्रालयको तर्फबाट टेलिभिजन, रेडियो छापा तथा अनलाईन मार्फत प्रसारण\प्रकाशन गर्नका लागि कार्यक्रम वा सन्देशमूलक सूचना सामाग्री निर्माण गरिने कार्य सम्झनु पर्दछ।

(ट) "अनुदान" भन्नाले स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत मन्त्रालयको तर्फबाट संचार माध्यमलाई कार्यक्रम उत्पादन, प्रसारण र प्रकाशन गरे वापत दिइने सहयोग रकम सम्झनु पर्दछ र सो शब्दले संचार सम्बद्ध क्लब/संस्थालाई दिइने सहयोग रकमलाई समेत जनाँउछ।

(ठ) "उत्पादक" भन्नाले कार्यक्रम उत्पादन गर्ने टेलिभिजन, रेडियो, छापा तथा अनलाइन सञ्चारसम्बद्द संस्थालाई सम्झनु पर्दछ।

३. **निर्देशक समितिको गठनः** (१) अनुदान उपलब्ध गराउने सम्बन्धमा आवश्यक निर्देशन गर्ने देहाय बमोजिमको समिति गठन गरिनेछः-

क. मन्त्री, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय - संयोजक
ख. सचिव, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय - सदस्य
ग. सचिव, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय - सदस्य
घ. सचिव, कानून, महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालय - सदस्य
ङ. प्रमुख, सञ्चार तथा सूचना प्रविधि महाशाखा, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आवश्यक ठानेमा विषयसंग सम्बन्धित बढीमा दुई जनालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

४. **निर्देशक समितिको काम, कर्तव्य र अधिकारः** निर्देशक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

क. अनुदान कार्यक्रम सञ्चालनका लागि विषयवस्तु तथा क्षेत्र सम्बन्धि निर्देशन दिने,
ख. सम्झौता अनुसार कार्य सम्पादन भए नभएको विषयमा अनुगमन गरी आवश्यक निर्देशन दिने,
ग. कार्यक्रम उत्पादनका लागि प्रति श्रृंखला दररेटलाई आधार मानी बजेटको उपलब्धता समेतको आधारमा उत्पादन गरिने कार्यक्रमको जम्मा श्रृंखला संख्या निर्धारण गर्ने ।
घ. लोक कल्याणकारी तथा प्रर्वद्धनात्मक कार्यक्रम/सन्देश उत्पादन तथा प्रशारण सम्बन्धमा आवश्यक निर्देशन दिने ।
ङ. अनुदान वितरण सम्बन्धी कार्यक्रम संचालन गर्न आवश्यक निर्देशन दिने ।

५. **कार्यक्रम उत्पादन अनुदानः** (१) मन्त्रालयको तर्फबाट प्रसारण गरिने कार्यक्रम उत्पादन गर्ने संचार माध्यमलाई मन्त्रालयले कार्यक्रम उत्पादन अनुदान दिनेछ।

(२) उपदफा (१) बमोजिम अनुदान प्राप्त गर्ने संचार माध्यमको छनौट प्रतिस्पर्धाको आधारमा गरिनेछ।

(३) मन्त्रालयले रेडियो कार्यक्रम उत्पादन गर्नका लागि १५ दिनको प्रस्ताव माग गरि छनौट भएको रेडियोसँग कार्यक्रम उत्पादन संझौता गर्ने छ ।

(४) मन्त्रालयले टेलिभिजन, कार्यक्रम उत्पादन गर्न कम्तिमा १५ दिनको म्याद दिई प्रति श्रृंखला कार्यक्रम उत्पादनका लागि लाग्ने रकम उल्लेख गरी प्रस्ताव पेश गर्न मन्त्रालयको वेबसाइट तथा अन्य सरकारी वेबसाइट मार्फत सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(५) उपदफा (४) बमोजिमको सूचना अनुसार कार्यक्रम उत्पादन गर्ने टेलिभिजनले प्रति श्रृंखला कार्यक्रम उत्पादनको लागि अनुसूचि-२ बमोजिमको ढाचाँमा प्राविधिक तथा आर्थिक प्रस्ताव छुट्टाछुट्टै खामबन्दीमा पेश गर्नुपर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्राप्त हुन आएका प्राविधिक प्रस्ताव मध्ये सारभुत रूपमा प्रभावग्राही प्रस्ताव गर्ने टेलिभिजनको मात्र आर्थिक प्रस्ताव खोलिनेछ ।

(७) मुल्याङ्कन समितिले प्राविधिक र आर्थिक प्रस्तावको मुल्याङ्कन गरी छनौट भएका प्रस्तावदाताको सूची सचिव समक्ष पेश गर्नेछ ।

(८) प्राविधिक प्रस्तावको छनौट गर्दा दफा १३ मा उल्लेख भएका आधारमा गरिनेछ ।

(९) उपदफा (७) बमोजिम पेश भएका प्रस्ताव मध्ये सचिवले सबैभन्दा कम लागत भएको प्रस्तावदाताको प्रस्ताव छनौट गरी स्वीकृत गर्नेछ।

(१०) उपदफा (९) बमोजिम छनौट भएको प्रस्तावदातालाई तीन दिनभित्र सम्झौता गर्न सूचना दिई सम्झौता गरिनेछ ।

(११) उपदफा (३) र (१०) बमोजिम कार्यक्रम उत्पादन संझौता गर्ने रेडियो र टेलिभिजनले प्रदेशका गतिविधि समेटिएको र मन्त्रालयले उपलब्ध गराएको विषयवस्तुमा आधारित भईकार्यक्रम उत्पादन गर्नुपर्नेछ।

(१२) उपदफा (११) बमोजिम उत्पादित कार्यक्रमको स्वामित्व मन्त्रालयको हुनेछ । उत्पादन गर्ने टेलिभिजन र रेडियोले मन्त्रालयको अनुमति लिई सूचीकृत भएका अन्य टेलिभिजन र रेडियोलाई समेत प्रसारणका लागि कार्यक्रम उपलब्ध गराउनु पर्नेछ ।

(१३) मन्त्रालयले छनौट गरेको विषयको कार्यक्रम उत्पादन सम्बन्धी अन्य व्यवस्था सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(१४) उपदफा (३) र (१०) बमोजिम छनौट भएको प्रस्तावदाता म्यादभित्र सम्झौता गर्न नआएमा छनोट सूचीमा बाँकी रहेको कम लागत भएको प्रस्तावदाताको प्रस्ताव स्वीकृत गरी सम्झौता गरिनेछ।

(१५) यस दफा बमोजिम छनौट भई सम्झौता गर्न नआउने प्रस्तावदातालाई तीन वर्षसम्म मन्त्रालयको तर्फबाट बितरण गरिने कुनैपनि अनुदान उपलब्ध गराईने छैन ।

६. <u>प्रस्ताव मूल्याङ्कन समितिको गठनः</u> (१) दफा ५ बमोजिम प्रस्तावहरूको मूल्याङ्कन गरी सिफारिस गर्न देहाय बमोजिमको समिति गठन गरिनेछः-

(क) प्रमुख, सञ्चार तथा सूचना प्रविधि महाशाखा, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय - संयोजक

(ख) प्रमुख, कानून शाखा, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय - सदस्य

(ग) प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय - सदस्य

(घ) प्रमुख, सञ्चार शाखा, मन्त्रालय - सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले आवश्यक ठानेमा विषयसंग सम्बन्धित बढीमा दुई जनालाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

७. **<u>प्रस्ताव मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकारः</u>** (१) कार्यक्रम उत्पादनको लागि पेश भएका प्राविधिक प्रस्ताव खोली माग भए बमोजिमका कागजातहरू जाँच गर्ने र सारभूत रूपमा प्रभावग्राही प्रस्ताव छनौट गर्ने ।

(२) उपदफा (१) बमोजिम छनौट भएका प्राविधिक प्रस्ताव गर्ने प्रस्तावदाताको आर्थिक प्रस्ताव खोलि मूल्याङ्कन गर्ने ।

(३) आर्थिक प्रस्तावमा पेश भएको दररेटका आधारमा न्युनतम देखि अधिकतम लागत भएका प्रस्तावको क्रम मिलाई सचिव समक्ष पेश गर्ने ।

(४) मन्त्रालय तथा निर्देशक समितिले समय समयमा दिएका निर्देशन अनुसारका काम गर्ने ।

८. **<u>कार्यक्रम प्रसारण अनुदानः</u>** (१) मन्त्रालयको तर्फबाट प्रसारण गरिने कार्यक्रम प्रसारण गर्ने टेलिभिजन र रेडियोलाई मन्त्रालयले कार्यक्रम प्रसारण अनुदान दिनेछ।

(२) उपदफा (१) बमोजिमको अनुदान वितरण गर्ने प्रयोजनका लागि कार्यक्रम प्रसारण गर्न इच्छुक टेलिभिजन र रेडियोलाई दफा (९) बमोजिमका कागजात सहित मन्त्रालयमा सूचीकृत हुनका लागि दश दिनको म्याद दिई मन्त्रालयको वेबसाइट तथा अन्य सरकारी वेबसाइट मार्फत सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(३) कार्यक्रम संचालन समितिले उपदफा (२) बमोजिम प्राप्त कागजातहरूको अध्ययन गरी सूचीकृत हुन योग्य टेलिभिजन र रेडियोको सूची तयार गर्नेछ।

(४) कार्यक्रम प्रसारण अनुदानका लागि एकिन भएको बजेटलाई सूचीकृत भएका टेलिभिजनको संख्याले भाग गर्दा हुन आउने रकम सूचीकृत सबै टेलिभिजनलाई समान रुपले बितरण गरिनेछ।

(५) सुचीकृत हुन आएका रेडियोहरुको संख्याले प्रसारण अनुदानको लागि व्यवस्था भएको कूल वजेटलाई भाग गर्दा हुन आउने रकम सूचिकृत सबै रेडियोलाई समान रुपले वितरण गरिने छ ।

(६) कार्यक्रम उत्पादन गर्ने टेलिभिजन र रेडियोले उपलब्ध गराएको कार्यक्रम मन्त्रालयको अनुमति लिई सूचीकृत टेलिभिजन र रेडियोले प्रसारण गर्नुपर्नेछ ।

(७) यस दफामा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (३) बमोजिमको सूचिमा नपरेका संचार माध्यमलाई कार्यक्रम प्रसारण अनुदान कार्यक्रममा सम्मिलित गराईने छैन ।

९. **सूचीकृत हुँदा पेश गर्नुपर्ने कागजातहरू:** (१) सूचीकृतको लागि देहाय बमोजिमका कागजातहरु संलग्न गर्नुपर्नेछः-

(क) संचारमाध्यम दर्ता प्रमाणपत्रको प्रतिलिपि- (नविकरण समेत),

(ख) विधान/प्रवन्धपत्र वा सोही बमोजिमको कागजातको प्रतिलिपि,

(ग) अघिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र,

(घ) अघिल्लो आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदन,

(ङ) अघिल्लो आर्थिक वर्षको रोयल्टी बुझाएको खुल्ने कागजपत्र,

(च) इजाजतपत्रको नविकरण,

(छ) नियमित प्रसारण प्रमाणपत्र (लाइसेन्स),

(ज) अनलाइन सञ्चारमाध्यमको हकमा Public Domain Details रेकर्डको प्रिन्ट (सञ्चालकको नाम र कम्पनीको विवरण देखिनुपर्ने) र अनलाइनको होमपेजको स्क्रिनप्रिन्ट (सञ्चालक, सम्पादक, सम्पर्क फोन नं., इमेल ठेगाना लगायत सूचना तथा प्रसारण विभागमा दर्ता नं. समेत देखिनुपर्ने),

(झ) सम्पादकको नियुक्ति पत्रको प्रतिलिपी,

(ञ) कभरेज एरिया, प्रकाशन र वितरणको संख्या विवरण,

(ट) लाभान्वित हुने अनुमानित जनसंख्या ।

(२) उपदफा (१) बमोजिमका कागजपत्रको प्रतिलिपी पेश गर्दा संचार माध्यमको छाप र सम्बन्धित संचार माध्यमको प्रमुखले प्रमाणित गरेको हुनुपर्नेछ ।

(३) अनुदानको सम्झौता गर्ने समयमा सूचिकृत हुनको लागि पेश गरिएका कागजातहरुको सक्कल प्रति लिई आउनुपर्नेछ ।

१०. **कार्यक्रम संचालन समितिको गठन:** (१) कार्यक्रम प्रसारण अनुदानका लागि अनुदानग्राही टेलिभिजन तथा रेडियोको छनौट गरी सूचीकृत गर्न तथा निर्देशक समितिको निर्देशन बमोजिम कार्यहरु गर्न देहाय बमोजिमको कार्यक्रम संचालन समिति गठन गरिनेछः-

(क) सचिव, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय -संयोजक

(ख) महाशाखा प्रमुख, सञ्चार तथा सूचना प्रविधि महाशाखा, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय -सदस्य

(ग) प्रमुख, आर्थिक प्रशासन शाखा, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय -सदस्य

(घ) कानुन अधिकृत, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय -सदस्य

(ङ) अधिकृत प्रतिनिधि, आर्थिक मामिला तथा सहकारी मन्त्रालय -सदस्य

(च) प्रमुख, सञ्चार शाखा, आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय -सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार बढीमा दुईजना सम्म बिषय बिज्ञहरुलाई आमन्त्रण गर्न सकिनेछ।

११. **<u>छापा तथा अनलाइन संचारमाध्यमलाई अनुदानः</u>** (१) मन्त्रालयको तर्फबाट प्रकाशन गरिने सन्देशमूलक सूचना सामाग्री प्रकाशन गर्ने छापा तथा अनलाइन संचार माध्यमलाई मन्त्रालयले अनुदान दिनेछ।

(२) उपदफा (१) बमोजिमको अनुदान वितरण गर्ने प्रयोजनका लागि सन्देशमूलक सूचना सामाग्री प्रकाशन गर्न इच्छुक छापा तथा अनलाइन संचार माध्यमलाई दफा (९) बमोजिमका कागजात सहित मन्त्रालयमा सूचीकृत हुनका लागि दश दिनको म्याद दिई मन्त्रालयको वेबसाइट तथा अन्य सरकारी वेबसाइट मार्फत सार्वजनिक सूचना प्रकाशन गरिनेछ ।

(३) कार्यक्रम संचालन समितिले उपदफा (२) बमोजिम प्राप्त कागजातहरूको अध्ययन गरी सूचीकृत हुन योग्य छापा तथा अनलाइन संचार माध्यमको सूचि तयार गर्नेछ।

(४) छापा माध्यममा सन्देशहरु प्रकासन गर्दा देहाय बमोजिमको अंक, आकार र स्थानमा छाप्नु पर्नेछ ।

क) दैनिक पत्रिकाको हकमा पहिलो पृष्ठको माथि पट्टिको कुना (एअर प्यानल) मा छोटा सन्देशहरु आलो पालो गरि महिनामा पाँच पटक र लामा सन्देशहरु आलो पालो गरि पत्रिकाको अन्तिम पृष्ठमा पाँच पटक दुई कोलममा ८x१० से.मि. आकारमा छाप्नु पर्नेछ ।

ख) अर्ध साप्ताहिक पत्रिकाको हकमा प्रत्येक महिनामा कम्तीमा ७ अंक प्रकाशित गर्नुपर्ने छ । प्रत्येक अंकमा दुई कोलममा ८x१० से.मि. आकारमा पत्रिकाको अन्तिम पृष्ठमा फरक फरक सन्देशहरु छाप्नु पर्ने छ ।

ग) साप्ताहिक पत्रिकाको हकमा प्रत्येक महिनामा कम्तिमा ४ अंक प्रकाशित हुनुपर्नेछ । प्रत्येक अंकमा दुई कोलममा ८ x १० सेमी आकारमा पत्रिकाको अन्तिम पृष्ठमा फरक फरक सन्देशहरु छाप्नु पर्ने छ ।

घ) पाक्षिक मासिक वा सो भन्दा बढी प्रकाशन हुने पत्रिकाहरुको प्रत्येक अंकमा पूरा पृष्ठमा फरक फरक सन्देशहरु अन्तिम पृष्ठमा छाप्नु पर्ने छ ।

(५) उपदफा (४) मा जे सुकै कुरा लेखिएको भएतापनि राष्ट्रिय महत्वका विषयमा गरिएका लामा खालका सन्देशहरु एउटै अङ्कमा प्रकाशन गर्नुपर्ने अवस्थामा प्रकाशन गर्नुपर्ने आकार तथा

भित्री वा बाहिरी पृष्ठमा प्रकाशन गर्न मन्त्रालयले निर्देशन दिन सक्नेछ र पत्रपत्रिकाहरुले पनि सोही बमोजिम प्रकाशन गर्नुपर्नेछ ।

(६) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउँदा सूचना तथा प्रसारण विभागको वर्गिकरण अनुसार मासिक रुपमा मुल्य अभिवृद्धिकर समेत देहाय बमोजिम हुनेछ ।

| सि.नं | पत्रिकाको किसिम | क वर्ग | ख वर्ग | ग वर्ग | घ वर्ग |
|---|---|---|---|---|---|
| १ | दैनिक | रु ३००० | रु २५०० | रु २००० | रु १५०० |
| २ | साप्ताहिक/अर्ध साप्ताहिक | रु ३००० | रु २५०० | रु २००० | रु १५०० |
| ३ | पाक्षिक | रु ३००० | रु २५०० | रु २००० | रु १५०० |
| ४ | मासिक,द्वैमासिक,त्रैमासिक, अर्ध वार्षिक र वार्षिक | रु ५००० | रु ४००० | रु ३००० | रु २००० |

(७) उपदफा (६) बमोजिम अनुदान प्राप्त गर्ने प्रयोजनको लागि सन्देशमूलक सूचना प्रकाशन गर्नुपूर्व मन्त्रालयसँग सम्झौता गर्नुपर्नेछ र प्रकाशित सूचनाको भुक्तानी माग गर्दा सूचना प्रकाशित भएको छापा संचार माध्यमको प्रति समेत पेश गर्नुपर्नेछ ।

(८) प्रचलित कानून बमोजिम दर्ता एवं नियमित रुपमा नवीकरण र अध्यावधिक भएका र उपदफा (३) बमोजिम सूचिकृत अनलाइन संचार माध्यमलाई अनुदान उपलब्ध गराउँदा निर्देशक समितिले निर्धारण गरेको मापदण्ड र वर्गिकरण बमोजिम मन्त्रालयले सम्झौता गरी समितिले तोके बमोजिमको रकम अनुदान उपलब्ध गराउनेछ ।

(९) सूचीकृत अनलाइन संचारमाध्यमहरुलाई सूचना प्रकाशनको संख्याको आधारमा सूचना प्रकाशन गरेको प्रमाणित हुने स्क्रिनसट समेतका प्रमाण हेरी अनुदान रकम उपलब्ध गराइनेछ ।

(१०) अनलाइन संचारमाध्यमले अनुदान रकम प्राप्त गर्नका लागि मन्त्रालयले उपलब्ध गराएको विज्ञप्ती, सार्वजनिक सूचनाहरु, सभा समारोहका विषयहरु प्रकाशन गर्नुपर्नेछ र मन्त्रालयले प्रकाशन गर्न अनुरोध गराएका सूचना सामाग्रीको मात्र भुक्तानी दिनेछ।

१२. **संचार सम्बद्ध संघ संस्था तथा क्लबहरुलाई अनुदानः-** (१) मन्त्रालयले प्रदेश स्तरिय सञ्चार सम्बद्ध संघ संस्था तथा क्लबहरुको क्षमता विकासका लागि अनुदान उपलब्ध गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुदान उपलब्ध गराउने प्रयोजनको लागि मन्त्रालयले संघ संस्था तथा क्लबहरुबाट १५ दिन भित्र प्रस्ताव पेश गर्न सूचना आव्हान गर्नेछ ।

(३) उपदफा (२) बमोजिम आव्हान गरिएको प्रस्ताव पेश गर्दा संघ संस्था तथा क्लबहरुले आफ्नो क्षमता विकास अन्तर्गत भौतिक सामाग्री ब्यवस्थापन, संरचना मर्मत वा जनशक्ति विकास मध्ये कुन कुन कार्य गर्ने हो सो समेत खुलाई पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश हुन आएका प्रस्ताव अध्ययन गरी संचालन समितिले उपयुक्त देखिएका प्रस्ताव स्वीकृतिका लागि निर्देशक समितिमा पेश गर्नेछ।

(५) उपदफा (४) बमोजिम पेश भएका प्रस्तावमा छानबिन गरी निर्देशक समितिले बजेट उपलब्धताको आधारमा अनुदान रकम यकिन गरी संघ संस्था तथा क्लबहरुलाई अनुदान रकम उपलब्ध गराउन मन्त्रालयमा सिफारिश गर्नेछ।

(६) उपदफा (५) बमोजिम सिफारिश भएका संघ संस्था तथा क्लबहरुलाई अनुदान रकम उपलब्ध गराउँदा मन्त्रालयले प्रस्तावमा लेखिएको काम गर्नका लागि आवश्यक शर्त समेत राखी सम्झौता गर्न सक्नेछ।

(७) मन्त्रालयसँग सम्झौता भएका संघ संस्था तथा क्लबले प्रस्तावमा उल्लेख भएको कार्य सम्पन्न भए पश्चात आवश्यक बिल भर्पाई कागजात सहित कार्य सम्पन्न भएको आधारमा रकम भुक्तानीको लागि माग गर्न सक्नेछन ।

१३. **<u>कार्यक्रम उत्पादन गर्ने टेलिभिजन वा रेडियो छनौटको आधारः-</u>** कार्यक्रम उत्पादन गर्ने टेलिभिजन वा रेडियोको प्राविधिक प्रस्ताव छनौट गर्दा देहाय बमोजिमको आधारमा छनौट गरिनेछः-

क. टेलिभिजन वा रेडियोमा कार्यरत प्राविधिक जनशक्तिको संख्या,

ख. टेलिभिजन वा रेडियोबाट उत्पादन भएको कार्यक्रम अन्य टेलिभिजन वा रेडियोमा लिङ्क गरी प्रशारण गर्न सक्ने क्षमता,

ग. विगतमा कार्यक्रम उत्पादन गरी अन्य टेलिभिजन वा रेडियोबाट समेत प्रशारण गरेको अनुभव,

घ. अनुसुची-२ को तालिका बमोजिमको क्षमता समेतको आधार लिन सकिनेछ,

ङ. प्राविधिक प्रस्ताव सम्बन्धी अन्य कुरा सूचनामा उल्लेख गर्न सकिनेछ ।

१४. **<u>अनुदानबाट गर्न सकिने कार्यहरुः</u>** (१) प्रदेश सरकारद्वारा गरिने वा गरिएका कार्यको जानकारीमुलक कार्यक्रम, विज्ञापन एवं सन्देशमुलक सूचना उत्पादन तथा प्रसारण लगायतका कार्यहरु,

(२) प्रदेश सरकारले आयोजना गरेका विभिन्न गोष्ठि सभासमारोहको प्रत्यक्ष प्रसारण, विज्ञसीको प्रकाशन/ प्रसारण,

(३) संचारकर्मीहरुको क्षमता अभिवृद्धि, भौतिक संरचना सुधार, भौतिक सामग्रीको व्यवस्था, तालिम, गोष्ठी, अध्ययन/अध्यापन कार्यहरु,

(४) पत्रकारिता र आमसञ्चार क्षेत्रमा प्रत्यक्ष सहयोग पुग्ने अन्य कार्यक्रमहरु ।

१५. **टेलिभिजनलाई सन्देशमूलक सामग्रीको प्रशारण दररेटः** सन्देशमूलक/लोककल्याणकारी सामग्री/विज्ञापन प्रशारण गरे बापत टेलिभिजनलाई देहाय बमोजिमको दररेटमा रकम उपलब्ध गराइनेछ ।

| टेलिभिजन समयको बर्गिकरण | प्रतिमिनेट दर रु. | | |
|---|---|---|---|
| | भू-उपग्रह | भू-सतही | केवल |
| सुपर प्राईम | ३०००/- | २०००/- | १५००/- |
| प्राईम | २५००/- | १५००/- | १०००/- |
| सामान्य | २०००/- | १०००/- | ७००/- |

१६. **सम्झौता गर्नेः** मन्त्रालय र अनुदान प्राप्त गर्ने संचारमाध्यमबीच रकम भुक्तानीको सम्बन्धमा अनुसुची-१ को ढाँचामा सम्झौता गरिनेछ ।

**१७. अनुदान रकम भुक्तानीः** (१) रकम भुक्तानि माग गर्दा संचारमाध्यमले सम्झौताको आधारमा आवश्यक कागजपत्र सहित निवेदन पेश गर्नुपर्नेछ र सो अनुसार मन्त्रालयले भुक्तानीको व्यवस्था गर्नेछ ।

(२) अनुदान रकम भुक्तानी गर्दा, प्रचलित कानून बमोजिम हुनेगरी, संचारमाध्यमको बैंक खाता मार्फत भुक्तानी गरीनेछ ।

(३) रकम निकासा तथा भुक्तानी सम्बन्धी दुविधा भएमा प्रचलित कानून बमोजिम हुनेछ ।

१८. **कार्यप्रगति विवरणः** रकम भुक्तानी गर्दा संघसंस्थाले आफुले उत्पादन गरेको अडियो, भिडियो, प्रकाशन सामाग्री वा कार्य सम्पन्न प्रतिवेदन सहित कार्यप्रगति प्रतिवेदन मन्त्रालयमा पेश गर्नुपर्नेछ ।

१९. **दोहोरो अनुदान नपाउनेः** यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि यो कार्यविधि बमोजिम एक प्रकारको अनुदान प्राप्त गरेको कुनै संचार माध्यमले दोहोरो पर्ने गरी अर्को प्रकारको अनुदान पाउँनेछैन।

तर, कार्यक्रम उत्पादन गर्ने संचार माध्यमलाई कार्यक्रम प्रसारण गरे वापतको प्रसारण अनुदान दिन वाधा पर्ने छैन । साथै मन्त्रालयको स्विकृत वार्षिक कार्यक्रममा नाम तोकीएको अनुदान कार्यक्रम सञ्चालन गर्न बाधा पर्ने छैन ।

२०. **लेखा परिक्षण प्रतिवेदन पेश गर्नु पर्नेः** सञ्चारमाध्यमले अघिल्लो आर्थिक वर्षमा मन्त्रालयबाट प्राप्त गरेको अनुदान रकम देखिने लेखा परिक्षण प्रतिवेदन पेश गर्नु पर्नेछ ।

२१. **बाधा अडकाउ फुकाउनेः** यस कार्यविधि कार्यान्वयन गर्न कुनै वाधा अडकाउ परेमा मन्त्रालयको निर्णय अन्तिम हुनेछ।

२२. **<u>संशोधनः</u>** मन्त्रालयले आवश्यकता अनुसार यो कार्यविधि संशोधन गर्न सक्नेछ ।

२३. **<u>खारेजी:</u>** सञ्चारमाध्यमलाई कार्यक्रम उत्पादन र प्रसारण अनुदान वितरण सम्बन्धी कार्यविधी, २०७७ खारेज गरिएको छ ।

## अनुसुची-१
## (दफा १६ सँग सम्बन्धित)

### सम्झौता पत्र

हामी दुई पक्ष आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय (यस पछि पहिलो पक्ष भनिएको) र ........................................................................... (यस पछि दोस्रो पक्ष भनिएको) का बीच आर्थिक वर्ष.........................................मा प्रथम पक्षले उपलब्ध गराएको रु.............................।—(अक्षेरुपी.......................................................मात्र) अनुदान रकमबाट कार्य गर्ने गरी तपशिल बमोजिमका शर्तहरुको अधिनमा रही दुवै पक्षको सहमतिमा हस्ताक्षर गरी सम्झौता भयो ।

**तपशिलः**

शर्तहरुः

(१) दोस्रो पक्षले प्राप्त गरेको अनुदान रकम चालु आ.व भित्रै खर्च हुने गरी अनुदान वापतको कार्यक्रम (कार्यक्रम उत्पादन/ प्रसारण/ प्रकाशन/ कार्य सम्पादन) सञ्चालन गर्नुपर्नेछ ।

(२) दोस्रो पक्षले कार्यक्रम कार्यान्वयनको प्रगति विवरण समय समयमा मन्त्रालयलाई उपलब्ध गराउनु पर्नेछ ।

(३) दोस्रो पक्षले अन्तिम भुक्तानी लिन आउँदा कार्यक्रम सञ्चालन र खर्चको विवरण तथा उपलब्धी सहितको कार्य प्रगति प्रतिवेदन पहिलो पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

(४) दोस्रो पक्षले श्रमजीवी पत्रकार सम्बन्धी ऐन नियमहरुको पालना गरेको हुनुपर्नेछ ।

(५) अनुदान रकम उपलब्ध गराइएका संस्थाहरुले अनुदानसँग सम्बन्धित कार्यक्रमहरु गरे, नगरेको अनुगमन पहिलो पक्षले गर्न/गराउन सक्नेछ ।

(६) सम्झौता बमोजिम कार्य भए/नभएको अनुगमन गर्न मन्त्रालयले विषयविज्ञ सहितको अनुगमन समिति गठन गर्न सक्नेछ ।

(७) दोस्रो पक्षले सम्झौता बमोजिम कार्य नगरेको मन्त्रालयले ठानेमा अनुदान रकम रोक्का गर्न सक्नेछ ।

(८) दोस्रो पक्षले उत्पादित/प्रसारित सामाग्रीको प्रति पहिलो पक्षलाई उपलब्ध गराउनुपर्नेछ ।

(९) कार्यविधी बमोजिमको अनुदान रकम पहिलो पक्षले दोस्रो पक्षलाई सोही आर्थिक वर्ष भित्र उपलब्ध गराइसक्नुपर्नेछ र रकम उपलब्ध गराउँदा पहिलो पक्षले आवश्यक कागजात माग गर्न सक्नेछ ।

(१०) आवश्यकतानुसार दुवै पक्षको सहमतिमा शर्तहरु थपघट गर्नसकिनेछ ।

| पहिलो पक्ष | दोस्रो पक्ष |
|---|---|
| .......................................... | ...................................... |
| नामः | नामः |
| पदः | पदः |
| आन्तरिक मामिला तथा सञ्चार मन्त्रालय | |
| लुम्बिनी प्रदेश, मुकामः बुटवल । | |
| ............................................. | .............................................. |
| साक्षीहरुः | साक्षीहरुः |

## अनुसुची-२

## प्राविधिक प्रस्तावमा अनिवार्य रुपमा खुलाउनुपर्ने विवरणः

**टेलिभिजनको हकमाः**

| टेलिभिजनको नाम | ठेगाना | दर्ता नं./ मिति | नियमित प्रसारण प्रमाणपत्र पाएको मिति | Resolution Full HD(1920*1080) छ/छैन | कार्यक्रमको Frame rate कम्तिमा 25i FPS छ/छैन | आवाजको गुणस्तर कम्तिमा 48000Hz, Min 128 Kbps र Stereo System छ/छैन | दृश्य गुणस्तर MP4 Format मा वा सो भन्दा उच्च गुणस्तरमा प्रस्टसँग सुन्न सकिने श्रव्य क्षमताको उत्पादन गर्न सक्ने क्षमता छ/छैन | कार्यक्रम उत्पादन गर्ने प्राविधिक जनशक्ति/ प्रस्तोताको विवरण, योग्यता र अनुभव | कै |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | |

**रेडियोको हकमाः**

| रेडियोको नाम | ठेगाना | दर्ता मिति | नियमित प्रसारण प्रमाणपत्र पाएको मिति | क्षमता (Watt) | उत्पादन गर्न सक्ने प्राविधिक जनशक्ति/प्रस्तोता लगायतको विवरण,योग्यता र अनुभव | रेडियो कार्यक्रम कम्तिमा Audio-128 Kbps, 44100 Hz, Stereo System र प्रस्टसँग सुन्न सकिने श्रव्य क्षमताको उत्पादन गर्ने क्षमता छ/ छैन | कै |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**नोटः** कार्यक्रम उत्पादन गर्न छनौट हुने मनसायले प्राविधिक क्षमताको विवरण झुठो पेश गरेको खुल्न आएमा सो टेलिभिजन तथा रेडियोलाई मन्त्रालयले तीन वर्षको कुनै पनि अनुदान रकम उपलब्ध गराउनेछैन ।

**<u>आर्थिक प्रस्तावमा खुलाउनुपर्ने विवरणः</u>**

| टेलिभिजन/रेडियोको नाम | ठेगाना | दर्ता मिति | दररेट (प्रति श्रृंखला) | कैफियत |
|---|---|---|---|---|
| | | | | |